रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्या:- २०८०/८१ गण्डकी प्रदेश, नेपाल

च.न :- मिति: २०८०/०४/२९

## रासायनिक मल बिक्रेताको लागि अनुमति लिने सम्बन्धी सूचना।

नेपाल सरकारबाट स्वीकृत "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७", बमोजिम स्थानीय तहमा अनुदानको मल बिक्री वितरणलाई सहयोग गर्नको लागि यस गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपसिल बमोजिमको कागज पत्रसहित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. सहकारी संस्था, फर्म वा कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
२. सहकारी संस्थाको हकमा संचालक समितिको बैठकको निर्णयको प्रतिलिपि।
३. विगत २ वर्षको लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र प्रतिलिपि।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
५. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।
६. रासायनिक मल बिक्री गर्न चाहने क्षेत्र सहितको निवेदन।
७. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण।
८. रासायनिक मल बिक्री वितरणका लागि नाप तौल गर्ने मेशिन, भण्डारणको लागि गोदामघर तथा आवश्यक पूर्वाधारको विवरण।

२०८०/०४/२९

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत